नेपाल सरकार

# नेपाल स्वास्थ्य अनुसन्धान परिषद्

स्थापित २०४७

मिति : २०७७/०६/११

पत्र संख्याः

चलानी नं.:

## प्रेस विज्ञप्ती

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को आयोजनमा र नेपाल नर्सिङ संघको संयोजनमा ६ दिने "Health Research Methodology" सम्बन्धी भर्चुअल तालिमको आजबाट प्रारम्भ भएको छ जसमा ४५० जना नर्सिङ संकायका ब्यक्तिहरुका सहभागीता रहेको छ । सो तालिममा नर्सिङ संघकी अध्यक्ष प्रा.मनकुमारी राईले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई धन्यबाद् र शुभकामना ब्यक्त गर्दै स्नाकोत्तर तहका नर्सिङ विद्यार्धी तथा संकायका ब्यक्तिहरुका लागि पनि पाठ्यक्रम डिजाइन गरी तालिमहरु गराईदिनुहुन आग्रह गर्नुभएको छ । परिषद्का कार्यकारी प्रमुख डा. प्रदिप ज्ञवालीले आगामी दिनहरुमा थप र एडभान्स किसिम्का स्वास्थ्य अनुसन्धान सम्बन्धी तालिम सञ्चालन गरेर अनुसन्धानमा इच्छुक विद्यार्थी तथा संकायका ब्यक्तिहरुको क्षमता अभिवृद्धि गर्ने प्रतिवद्धता जनाउनुभएको छ । साथै वहाँले कोभिड-१९ महामारीले गर्दा भर्चवल विधिबाट तालिमहरु सञ्चालन गर्नु परेको प्रष्ट पार्नु भयो ।

परिषद्ले कोभिड-१९ महामारीको जोखिमको मध्यनजर गर्दै आइरहेको भर्चुअल माध्यमद्धारा स्वास्थ्य अनुसन्धान तालिमहरु सञ्चालन गर्दै आइरहेको छ । यस आर्थिक वर्षमा स्नातक तहका विद्यार्थीहरुका लागि ३ वटा ब्याचको तालिम भइसकेको छ जसमा ६८० जना स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुले यसमा सहभागीता जनाएका छन् । स्नातक तथा स्नाकोत्तर गरिसकेको ब्यक्तिहरुलाई छिटै Proposal Development, Data Analysis र Scientific Writing का तालिमहरु सञ्चालन गरिनेछ ।

...................................

डा.प्रदिप ज्ञवाली
कार्यकारी प्रमुख

फोन नं.: +९७७-१-४२५४२२०, ४२२७४६०, फ्याक्सः +९७७-१-४२६२४६९, रामशाहपथ, पो.ब.नं.: ७६२६, काठमाडौं, नेपाल।
वेभसाईटः http://www.nhrc.gov.np, ईमेलः nhrc@nhrc.gov.np